# मकालु गाउँपालिका
# MAKALU RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural municipal Executive
स्था. २०७३ (Estd: 2073)

नुम, सङ्खुवासभा
Num, Sankhuwasabha
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

पत्र संख्या: २०८१/०८२ कृषि
Ref. No.: 2081/082 Agriculture
चलानी नं: २०३
Dispatch No.: २०३

**विषय : करार सेवा पदपुर्ति सम्बन्धि सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति : २०८१।०७।२९)**

प्रस्तुत विषयमा नेपाल सरकारको सशर्त अनुदान तर्फको तथा मकालु गाउँपालिका को स्विकृत बार्षिक कार्यक्रम अनुसार किसान सूचिकरण कार्यक्रम संचालानार्थ किसान परिवारको वैयक्तिक तथा कृषि तथ्यांक संकलनका लागि यस मकालु गाउँपालिकाको सबै वडाहरुमा किसान सूचिकरण गर्न, कार्यक्रम अवधिभरका लागि आवश्यक देहायका जनशक्ति करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले ७ (सात) दिन भित्रमा माग भए बमोजिमका विवरण सहित यस कार्यालयमा रितपुर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रीत नपुगेका र म्याद नाघी प्राप्त हुन आएका आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत अनुरोध छ ।

**विज्ञापन नं, शैक्षिक योग्यता र अनुभवः**

| विज्ञापन नं. | सेवा करारमा लिने पद | माग संख्या | सेवा करारमा न्यूनतम शैक्षिक योग्यता र अनुभव | कैफियत |
|---|---|---|---|---|
| १-०८१/८२ (कृषि विकास शाखा) | किसान सूचिकरण सहजकर्ता | १ जना | मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तिमा कक्षा १२ वा सो सरहको परिक्षा उत्तिर्ण गरेको।<br>आधारभुत कम्प्युटर सम्वन्धी ज्ञान भएको।<br>इन्टरनेट चलाउन सक्ने। | |

१. दरखास्त दिने अवधि : २०८१।०७।२९ गते देखि २०८१।०८।०५ गते सम्म।

२. दरखास्त दिने स्थान : मकालु गाउँपालिका, कृषि विकास शाखा ।

३. उम्मेदवारको उमेर हद:१८ वर्ष पुरा भई ३५ वर्ष (महिलाको हकमा ४० वर्ष) ननाघेको ।

४. दस्तुर : सिद्धार्थ बैंक शाखा कार्यालय मकालुमा रहेको आन्तरिक राजश्व खाता नं. ०२६१५३८९५५४ मा रु. ३००।(अक्षरेपी रु. तिन सय रुपैयाँ मात्र) बुझाउने वा गाउँपालिकाको राजस्व शाखाको नगदी रसिद सक्कल संलग्न राख्नुपर्नेछ ।

५. परीक्षाको किसिम : छोटो सूचि तथा अन्तरवार्ता ।

६. परीक्षा मिति : सम्पर्क मितिको दिन तोकिने छ ।(सम्पर्क मिति: २०८१/०८/०६ गते ।)

७. आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरुः आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरुः- नागरिकता प्रमाण-पत्र, न्यूनतम योग्यताको लब्धांक प्रमाण-पत्र, चारित्रिक प्रमाण-पत्र, अनुभव भए सो खुल्ने कागजात, पासपोर्ट साइजको फोटो ३ प्रति।

८. तलव किसान सूचिकरण कार्यक्रम कार्यान्वयन विधि २०७७ अनुसार प्रति घरधुरीको तथ्यांक संकलन र प्रविष्ट गरे वापत रु १०० ।- का दरले ।

९. दरखास्त आवेदन फारम मकालु गाउँपालिकाको वेवसाईट www.makalumun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

१०. सूचना सम्बन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ, अन्य जानकारीको लागि मकालु गाउँपालिकाको कृषि विकास शाखाको फोन नं ९७४२८६५४८४ , ९८४४८२१८६ मा सम्पर्क गर्न सकिनेछ ।

२०८१/०७/२९

इन्द्र बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

शाखा प्रमुख